# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रूपन्देही, ५नं. प्रदेश


प.सं.: ०७६/०७७/प्रशासन
च.नं.: २८८२

२०७६/१०/२६

विषयः बेरोजगार व्यक्तिहरूको बारे सूचना प्रकाशित गरिदिने सम्बन्धमा।

श्री वडा कार्यालयहरू (सबै)
ति. न. पा., रूपन्देही।

प्रस्तुत विषयमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिको रूपमा सूचीकृत भइ न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन इच्छुक उमेद्वारहरूको लगत संकलन गर्ने कार्य अनुसूची १ को फारम बमोजिम गत आ. व. २०७५/०७६ चैत्र र बैशाखमा भएको कुरा यहाँहरूलाई अवगत नै छ।

फारमहरू भर्ने क्रममा कतिपय बेरोजगार व्यक्तिहरूले आफू र आफ्नो पारिवारिक विवरण पूर्ण रूपमा नभरेको र सो अपूर्ण फारमहरू EMIS मा Entry नहुदा बेरोजगार व्यक्तिहरू रोजगार सम्बन्धि सेवाहरूबाट बन्चित हुने भएकाले फारम पूर्ण रूपमा भर्नुहुन भनि यसै पत्रसाथ संलग्न सूचना बेरोजगार व्यक्तिहरू समक्ष पुर्‍याउनको लागि त्यस कार्यालयबाट प्रकाशन तथा प्रचार प्रसार गरिदिनुहुन हनुरोध छ। प्रथम सूचना र बरोजगार व्यक्तिहरुको विवरण यस कार्यालयको च.नं. ७११ मिति २०७६/०६/१० गतेको पत्रमार्फत तहाँ कार्यालयमा पठाइसकिएको छ। दोस्रो सूचना यसै पत्रसाथ संलग्न छ।

२०७६/१०/२६

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५नं. प्रदेश

प.सं.: ०७६/०७७/प्रशासन
च.नं.: २६६२

तिलोत्तमा नगरपालिका नगर कार्यपालिकाको कार्यालय मणिग्राम, रुपन्देही ५ नं. प्रदेश, नेपाल

मितिः २०७६/१०/२६

## सुचिकृत बेरोजगार व्यक्तिहरुले अपूर्ण फारम पूर्ण गर्नेवारे जरुरी सूचना !!!

यस तिलोत्तमा नगरपालिकामा २०७५ चैत्र १ देखी २०७६ बैशाख ३० सम्म बेरोजगार फारम भरि यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत कतिपय बेरोजगार व्यक्तिहरुले फारममा भर्नुपर्ने सम्पूर्ण विवरण नभरेको र त्यस्ता अपूर्ण फारमहरु रोजगार सूचना प्रणालिमा प्रविष्ट नहुने र आर्थिक बर्ष २०७६/०७७ को लागि उपलव्ध हुने १०० दिनको रोजगार बाट पनि बञ्चित हुने भएकाले अपूर्ण फारम भर्ने सुचिकृत बेरोजगार व्यक्तिहरुले २०७६ फाल्गुन ८ गते भित्र आफ्नो सम्बन्धित वडा कार्यालयमा सम्पर्क गरि यस नगरपालिकाको रोजगार सेवा केन्द्रमा आइ आफ्नो अपूर्ण फारम पूर्ण गर्नुहुन अनुरोध छ।

२०७६/१०/२६

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत